नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# भूमिसुधार तथा व्यवस्थापन विभाग
(जग्गा प्रशासन शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८
निर्देशक योजना: ४२२६९८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८

पत्रसंख्या:- ०७१/०७२/ ८५९
चलानी नं.:- २५५३

वबरमहल,काठमाण्डौं

मिति:२०७२/०२/२१

**विषयः** सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ संशोधित राजपत्र पठाइएको ।

श्री मालपोत कार्यालय,
सवै ।

उपरोक्त विषयमा यस विभागको प.सं.०७१/०७२/४४८ च.नं. १५५१ मिति २०७१/९/१४ को पत्रसाथ संलग्न सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ प्राप्त भएकै होला । तत् सम्वन्धमा नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्रको खण्ड ६५ संख्या ४ नेपाल राजपत्र भाग ५ मिति २०७२/२/१८ मा संशोधन भै आएको हुंदा उक्त राजपत्र समेत यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

शाखा अधिकृत

**बोधार्थ:-**
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
(जग्गा प्रशासन शाखा),
सिंहदरवार, काठमाण्डौं ।
श्री भूमिसुधार तथा व्यवस्थापन विभाग,
भूसुचना शाखा: संलग्न राजपत्र यस विभागको वेवसाइडमा राख्ने व्यवस्था गरिदिनुहुन ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, जेठ १८ गते, २०७२ साल (संख्या ४

## भाग ५

नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रयोजनको लागि देहायको कार्यनीति जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यनीतिको नाम "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०७२" रहेको छ ।

(२) यो कार्यनीति तुरुन्त प्रारम्भ हुनेछ ।

२. सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ मा संशोधन : सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ को सि.नं. ६ पछि देहायको सि.नं. ७ थपिएको छ :-

"

| सि.नं. | लिजमा उपलब्ध गराउने प्रयोजन | न्यूनतम वार्षिक लिज रकम |
|---|---|---|
| ७. | स्थानीय निकायको भवन निर्माण र पूर्वाधार विकास सम्बन्धी कार्य | नलाग्ने |

"

आज्ञाले,
लोकदर्शन रेग्मी
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३